फोन नं. : ०३१–५४००५४

# खडक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०

च.नं.

मितिः २०८०/०३/१८

**विषयः हटिया ठेक्का सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

प्रस्तुत् बिषयमा यस नगर कार्यपालिकाको, राजश्व परामर्श समितिको मिति २०८०/०३/०८ गते बसेको निर्णयानुसार यस नगरपालिका मातहत पर्ने तपसिलका हटियाहरु ठेक्का लगाउनु पर्ने भएकोले तपसिलका शर्तहरुको अधीनमा रही ईच्छुक व्यक्ति/संस्थाहरुबाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.न. | हटियाको नाम | ठेगाना | न्यूनतम कबोल अंक रु. | फारम दस्तुर | धरौटी रकम | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सिस्वा हटिया | खडक न.पा. १,सप्तरी | १,१०,०००।०० | ५००।- | ५५००।- | आ.ब. २०८०/०८१ अषाढ मसान्त सम्म | १ बर्ष |
| २. | कंचिरा हटिया | खडक न.पा. ३,सप्तरी | १८,०००।०० | ५००।- | १०००।- | आ.ब. २०८०/०८१ अषाढ मसान्त सम्म | १ बर्ष |
| ३. | अन्दुलेखि कृषि बजार | खडक न.पा. ४,सप्तरी | २५,०००।०० | ५००।- | १५००।- | आ.ब. २०८०/०८१ अषाढ मसान्त सम्म | १ बर्ष |
| ४. | खरचुहिया हटिया | खडक न.पा. ५,सप्तरी | ९५,०००।०० | ५००।- | ५०००।- | आ.ब. २०८०/०८१ अषाढ मसान्त सम्म | १ बर्ष |
| ५. | कल्याणपुर हटिया | खडक न.पा. ७,सप्तरी | ३,००,०००।०० | ५००।- | १५०००।- | आ.ब. २०८०/०८१ अषाढ मसान्त सम्म | १ बर्ष |
| ६. | बिसनपुर हटिया | खडक न.पा. ८,सप्तरी | १,००,०००।०० | ५००।- | ५०००।- | आ.ब. २०८०/०८१ अषाढ मसान्त सम्म | १ बर्ष |
| ७. | फुलेश्वरनाथको हटिया | खडक न.पा. १०,सप्तरी | ७०,०००।०० | ५००।- | ३५००।- | आ.ब. २०८०/०८१ अषाढ मसान्त सम्म | १ बर्ष |
| ८. | बनौली हटिया | खडक न.पा. ११,सप्तरी | १८,०००।०० | ५००।- | १०००।- | आ.ब. २०८०/०८१ अषाढ मसान्त सम्म | १ बर्ष |

नियम तथा शर्तहरु :

१) फारम दस्तुर रु. ५००।- (पछि फिर्ता नहुने गरी) राजश्व शाखामा नगद बुझाउनु पर्नेछ । फारम यस नगरपालिकाको प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

२) सिलबन्दी दरभाउपत्र मिति २०८०/०४/०१ गते आईतबार दिउसो १२:०० बजे भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ र दरभाउपत्र सोहि दिन दिनको २:०० बजे खोलिने छ ।

३) दरभाउपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवै प्रष्ट लेख्नु पर्नेछ । दुवैमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

४) कबोल रकमको लागि तोकिएको न्युनतम दररेट भन्दा कम भएमा फारम स्वतः रद्द हुनेछ ।

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Email ID : khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com
WebSite : khadakmun.gov.np

फोन नं. : ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०

५) एक ठेक्कामा कम्तीमा ३ जना व्यक्ति वा संस्थाको शिलबन्दी परेको हुनु पर्ने छ ।

६) शिलबन्दी दरभाउपत्र पेश गर्दा धरौटी रकम यस न.पा.को नाममा रहेको कृषि विकास बैंक, शाखा कल्याणपुरमा रहेको धरौटी खाता नं. ११०३७०१५०८००४०१२ मा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकताको प्रतिलिपि संलग्न राखि पेश गर्नु पर्नेछ ।

७) ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र एकमुष्ट रकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिईनेछ । यदि एकमुष्ट रकम नबुझाएमा सम्झौता गर्न आउँदा पहिलो किस्ता ६० प्रतिशत नगद राजश्व शाखामा बुझाउनु पर्नेछ, र बाँकी ४० प्रतिशतको मिति २०८१ श्रावण मसान्त सम्मको बैंक ग्यारेन्टी अनिवार्य बुझाए पछि मात्र सम्झौता गरिनेछ ।

८) बाँकी ४० प्रतिशत रकम मिति २०८१ जेष्ठ महिना सम्ममा अनिवार्य बुझाउनु पर्नेछ।

९) एकमुष्ट वा प्रथम किस्ता वापतको ६० प्रतिशत रकम ७ सात दिन भित्र बुझाई चलान पूर्जा लिनु पर्नेछ । नबुझाएमा नियमानुसार शिलबन्दी परेका अन्य व्यक्ति वा संस्थालाई ठेक्का दिईनेछ ।

१०) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी रकम, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बक्यौता रकम यस न.पा. मा नबुझाई दरभाउपत्र पेश गर्न पाईने छैन् ।

११) कर पूर्जा अनिवार्य लागू गर्नु पर्नेछ र पूर्जा रसिद ठेकेदारले स्वयमले छपाउनु पर्नेछ ।

१२) कर वापत हटियामा जिन्सी सरसामानहरु उठाउन पाईने छैन् ।

१३) ठेक्का बन्दोवस्त भईरहेको अवस्थामा रहेको हटियामा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन र सामान्य मर्मत सम्भारको रकम न.पा. मा दावि गर्न पाईने छैन् ।

१४) ठेक्का बन्दोवस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप,खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनुपर्ने र सोको कवोल गरेको रकममा मिन्हा हुने छैन् ।

१५) एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन् ।

१६) दोस्रो पक्षले हटिया ठेक्का सम्बन्धी सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार गर्नु पर्नेछ ।

१७) ठेक्का स्वीकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।

..........................
(हरेन्द्र कुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत